# तादी गाउँपालिकाको आर्थिक ऐन, २०७९।०८०

तादी गाउँपालिकाको अर्थ सम्बन्धी प्रस्ताव लाई कार्यान्वयन गर्न बनेको विधेयक प्रस्तावनाः तादी गाउँपालिकाको आर्थिक वर्ष २०७९/८० को अर्थ सम्बन्धी प्रस्ताव लाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम तादी गाउँ सभाले यो ऐन बनाएको छ ।

१. संक्षिप्तनाम र प्रारम्भः

(१) यस ऐनको नाम "आर्थिक ऐन, २०७९" रहेको छ ।

(२) यो ऐन २०७९ साल श्रावण १ गते देखि तादी गाउँपालिका क्षेत्रमा लागू हुनेछ ।

२. भूमि जग्गा तथा मालपोत कर (मालपोत): गाउँपालिका क्षेत्रभित्र अनुसूचि (१) बमोजिम भूमि कर (मालपोत) लगाइने र असूलउपर गरिनेछ ।

३. घर वहाल करः गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै वा आंशिक तवरले वहालमा दिएकोमा १० प्रतिशत बमोजिम घर जग्गा वहाल कर लगाइने र असूल गरिनेछ ।

४. व्यवसाय करः गाउँपालिका क्षेत्रभित्रव्यापार, व्यवसायवा सेवामापूँजीगतलगानी र आर्थिक कारोबारका आधारमा अनुसूचि (२) बमोजिमव्यवसाय कर लगाइने र असूलउपर गरिनेछ ।

५. विज्ञापन करः गाउँपालिका क्षेत्र भित्रहुने विज्ञापनमा अनुसूचि (३) बमोजिम विज्ञापन कर लगाइने र असूलउपर गरिनेछ । तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिमहुनेछ ।

६. सेवा शुल्क, दस्तुरः गाउँपालिकाले उपलब्ध गराइएको सेवामा सेवाग्राही बाट अनुसूचि (४) मा व्यवस्था भएअनुसार शुल्क लगाइने र असूलउपर गरिनेछ ।

७. सम्पति कर :- गाउँपालिका क्षेत्रभित्र अनुसुचि (५) बमोजिम सम्पति कर लगाईनेछ ।

८. मनोरञ्जन कर :- गाउँपालिका क्षेत्रभित्र अनुसुचि ३ बमोजिममनोरञ्जन कर लगाईनेछ ।

९. कर छुटः यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई अनुशुचि (६) बमोजिमे कर छुट दिईने छ ।

१०. कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधिः यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधि गाउँपालिकाले तोकेअनुसार हनेुछ ।

११. दण्ड जरिवाना र नियमित दस्तुर : (१) यस गाउँपालिकाले आफनो क्षेत्रभित्र गाउँपालिकाको स्वीकृत विना अनधिकृतरुपमा ढुंगा, गिट्टी, वालुवा उत्खनन गरेमा, तोकिएको स्थान बाहेकको स्थानमा फोहर मैला गरे वा गराएमा, सालवसाली तिर्नुपर्ने कर, दस्तुर तथा सेवा शुल्क नतिरे

वा नवुझाएमा, निर्माण भएका भौतिक संरचना, घर तथा अन्य भवन, टहराहरुलाई भवन सहिंता, भवन निर्माण मापदण्ड र गा.पा. बाट स्वीकृत माापदण्ड भित्र पर्नेको हकमा गाउँपालिकाको निर्णयानुसार नक्सा स्वीकृत गरी नियमित गर्नुपर्ने भएमा अनुसूची (६) माउल्लेखित दरमा दण्ड, जरिवाना र नियमित दस्तुर लगाईने र असुल गरिनेछ। (२) रु ३ लाख वा सो भन्दा बढीका योजनाहरु कार्यान्वयन गर्दा तोकिए बमोजिमको सूचना पाटी राखेको नपाइएमा कार्यालय स्वयंले सूचना पाटी राखी सम्बन्धित उपभोक्ता समिति वा निर्माण व्यवसायी वा कार्यान्वय नगर्ने अन्य निकायलाई भुक्तानी गर्ने रकमबाट जरिवाना स्वरुप रु १०००० ( अक्षरेपी दश हजार) कट्टा गरिनेछ।